# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०३ संख्याः ०८ मितिः २०७७/०५/१०

## भाग-२

## छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन

## निर्देशिका, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/०४/३१

**प्रस्तावनाः**

सिस्ने गाउँपालिका क्षेत्रभित्र छाडा छोडिएका चौपायाहरुको कारणबाट कृषकहरुले लगाएका अन्नबाली वर्षेनी नष्ट भै रहेको, छाडा छोडिएका चौपाएका कारण बजार क्षेत्र आसपासका खेती योग्य जग्गाको बाझोपन बढ्ने क्रममा रहेको, परम्परागत रुपमा राष्ट्रिय जनावरका रुपमा रहेका पशुपन्छीको महत्व पनि घट्दै जान सक्ने देखिएकोले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) मा रहेको व्यवस्था बमोजिम सिस्ने गाउँकार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ।

**परिच्छेदः-१**

**प्रारम्भ**

१) **संक्षिप्त नाम र प्रारम्भः (क)** यो निर्देशिकाको नाम "छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७७" रहेको छ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

२) **परिभाषाः**(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७७ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले सिस्ने गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "छाडा चौपाया" भन्नाले बेवारिसे रुपमा गाउँ क्षेत्रमा छाडिएका गाई, गोरु, बाच्छा, बाच्छी, राँगा, भैसी, सुगुर, बंगुर, बाख्रा बाख्री, बोका लगाएतका बेवारिसे रुपमा छाडिएका चौपायाहरुलाई सम्झनु पर्दछ।

(च) "पालन क्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि गाउँपालिका क्षेत्रभित्र तोकीएको क्षेत्रलाई सम्झनु पर्दछ।

(छ) "चरन क्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि गाउँपालिका क्षेत्र भित्र तोकिएको चरनयोग्य जग्गालाई सम्झनु पर्दछ।

(ज) "सभा" भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

(झ) "प्रमुख" भन्नाले गाउँपालिका प्रमुखलाई सम्झनु पर्दछ।

(ञ) "उप प्रमुख" भन्नाले गाउँपालिका उप प्रमुखलाई सम्झनु पर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(ठ) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ।

(ड) "सचिव" भन्नाले सिस्ने गाउँपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ र सो शब्दले वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनु पर्दछ।

(ढ) "समिति" भन्नाले निर्देशिका बमोजिम गडित परिच्छेद-७ बमोजिम पालक तथा व्यवस्थापक समितिलाई जनाउने छ।

(ण) "अनुगमन तथा समन्वय समिति" भन्नाले सिस्ने गाउँपालिकामा गठित छाडा चौपाय नियन्त्रणका लागि गठन भएको अनुगमन तथा समन्वय समितिलाई सम्झनु पर्दछ।

(त) "गाउँक्षेत्र" भन्नाले सिस्ने गाउँपालिका क्षेत्रभित्र रहेका १ देखि ८ वडाले समेट्ने क्षेत्रलाई सम्झनु पर्दछ।

(थ) "आवश्यक कार्यविधि" भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि भन्ने जनाउने छ।

(द) "वडा समिति" भन्नाले वडामा निर्वाचित वडा सदस्यहरु रहेको समितिलाई जनाउँदछ।

## परिच्छेद-२
## छाडा चौपाया व्यवस्थापन समिति

३) गाउँपालिका क्षेत्रमा रहेको छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिम एक गाउँस्तरिय व्यवस्थापन समिति रहनेछ। त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहनेछन्।

क) गाउँपालिका उपाध्यक्ष – संयोजक

ख) कार्यपालिकाले तोकेका कार्यपालिकाको सदस्यहरु मध्ये २ जना- सदस्य

ग) सिस्ने गाउँपालिकामा कार्यरत कृषि सेवाको अधिकृत- सदस्य

घ) सिस्ने गाउँपालिकामा कार्यरत वन सेवाको अधिकृत- सदस्य

ङ) सिस्ने गाउँपालिकाको पशु सेवा शाखा प्रमुख- सदस्य सचिव

व्यवस्थापन समितिको वैठकमा आवश्यकता अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थाको पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्ने सक्नेछ।

४) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) छाडा चौपाय व्यवस्थापनका लागि नीति तथा योजनाको तर्जुमा गर्ने।

ख) नगर क्षेत्र भित्र छोडिएका छाडा चौपायाहरुलाई गाउँपालिका क्षेत्रभित्र पालन तथा चरन क्षेत्र तोक्ने।

ग) गाउँपालिकाका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अध्यावधिक गर्ने र वडा समितिहरुलाई सो कार्यमा सक्रिय गराउने। वडा समितिले यो निर्देशिका लागू भएको ३ महिना भित्र आ-आफ्नो वडा भित्र रहेको पशुहरुको एकिन तथ्याङ्क तयार गरि वडा कार्यालयमा पेश गर्न लगाउने।

घ) चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरि घरपालुवा जनावरको दर्ता र पहिचानका लागि टयाग (निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्थापन मिलाउने।

ङ) समितिले छाडा पशु चौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरुको पहिचान गरी कार्यान्वयन गराउने।

**परिच्छेद-४**

**वडास्तरीय समिति**

५) छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिमको वडास्तरीय व्यवस्थापन समिति रहनेछ।

क) वडा अध्यक्ष-संयोजक

ख) वडा सदस्यहरु ४ जना- सदस्य

ग) वोर्ड सदस्य सम्बन्धित वडा-सदस्य

घ) वडा सचिव-सदस्य सचिव

उपरोक्त बमोजिमको समितिको वैठकमा वडास्तरका सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्ने सकिनेछ।

६) **वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

१) टोल विकास समिति लगायतका अन्य समिति तथा संघसंस्थाहरुसँगको सहकार्य र समन्वयमा वडा भित्र रहेका सम्पूर्ण चौपायाहरुको जम्म, मृत्यु, खरीद, विक्री लगाएतको अद्यावधिक अभिलेखको विवरण तयार गर्ने।

२) आफ्नो वडा भित्र रहेका छाडा छोडिएका पशु चौपायाहरुलाई छोड्ने नियन्त्रण गर्ने र छाडेको चौपायाहरुको व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।

३) वडा भित्र छाडा छोडिएका पशु व्यवस्थापनका लागि आवश्यक गर्ने जग्गाको पहिचान गर्ने।

४) यस निर्देशिका बमोजिम गाउँस्तरमा गठित छाडा चौपाया व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु।

५) वडा समितिले आ-आफ्नो वडामा घरमा पालिएका चौपायाहरुको जन्म, मृत्यु, खरिद तथा विक्रि सहितको अभिलेखिकरण तयारी गरि राख्ने।

६) अध्यावधिक भैसकेका चौपायाहरु एक वडाबाट अर्को वडामा वा गाउँपालिका बाहिर अन्यत्र विक्रि वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिको सिफारिस अनुसार गराउने व्यवस्था मिलाउने। यसरी वडा समितिले सिफारिस गर्दा निःशुल्क रुपमा गर्ने व्यवस्था मिलाउने।

७) एक वडा बाट अर्को वडा वा गाउँ क्षेत्र बाहिर चौपाया स्थानान्तरण/विक्रि वितरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नु पर्नेछ।

८) आफ्नो वडा कार्यालय बाहिरबाट आफ्नो वडामा खरिद भै आएका पशु चौपायाको अद्यावधिक विवरण तयार गर्ने।

९) वडा समितिले आवश्यक ठानेमा छाडा पशुपालन तथा व्यवस्थापन समितिको गठन गरि छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ।

१०) गाउँ क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रण लिई गाउँपालिकाबाट पालन क्षेत्र भनि तोकिएको क्षेत्रमा लाग्ने व्यवस्था मिलाउने।

११) गाउँपालिकाबाट तोकिए बमोजिम चरन क्षेत्रमा तारवार घेरवार गर्ने, पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था मलाउनेछ।

१२) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मोसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु गर्ने भएमा सो पालन गर्ने संस्था/ व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने।

१३) छाडा चौपायाको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता बमोजिम व्यवस्था मिलाउनेछ। तर गाउँपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति करारमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१४) गाउँपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिबाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशु चौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्नेछ।

१५) गाउँपालिका आफै व्यवस्थापान गर्नु पर्ने अवस्थामा गाउँपालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोही स्तरको उपलब्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ।

१६) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्रि वितरण गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१७) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक, सरकारी वन, प्रति जमीन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई गाउँपालिकाले त्यसको व्यवस्थापन पर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-५

## पशु धनीको काम, कर्तव्य र अधिकार

क) आफ्नो घरमा पालेको घरपालुवा जनावरको पालन पोषण गर्ने/गराउने।

ख) आफ्नो घरमा पालेका पशु चौपायाको जन्म, मृत्यु, विक्रि वितरिणको विवरिण नियमित रुपमा वडा समितिमा उपलब्ध गराउने।

ग) आफु बसोवास गरेको वडा बाहेक अन्यत्र स्थानबाट पशु चौपायाहरु खरिद गर्दा वडा समितिको अनुमति लिएर मात्र गर्ने।

घ) वडा भित्र रहेका छाडा पशु चौपायाको व्यवस्थापनका लागि वडा कार्यालयलाई आवश्यक सहयोग गर्ने/गराउने।

ङ) कसैले आफ्नो वडा भित्र रहेको पशु छाडा छोडेमा त्यसको जानकारी वडा समितिलाई दिने।

**परिच्छे-६**

**व्यवस्थापनका लागि आर्थिक व्यवस्था**

**९) पशु चौपाया व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्था देहाय बमोजिम हुनेछ।**

**क)** स्थानीय संस्था/व्यक्तिसँग साझेदारी गरि व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ।

ख) गाउँपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया व्यवस्थापनका लागि आवश्यक हेरालु , गौशालाको निर्माण मर्मत र घाँस पराल समेतको लागि आवश्यक पर्ने रकम नगर सभाबाट रकम विनियोजन गर्नुपर्नेछ।

**परिच्छेद-७**

**दण्ड जरिवाना सम्बन्धि व्यवस्था**

**१०)** यस कार्यविधि बमोजिम कसैले छाडा पशु छाडेमा वा व्यवस्थापनको कार्यमा असहयोग गरेमा देहाय बमोजिमको दण्ड जरिवाना गरिनेछ।

क) पशु धनी कसैले पनि पशुचौपाया छोडि वा लापरवाही गरी कसैको खेतीपाती वा अन्य वालिनाली हानी नोक्सानी भएमा क्षतिको एकिन गरि सम्बन्धित पशुधनीबाट वडा समितिले क्षतिपूर्ति भराई द्ण्ड सजाय गर्न सक्नेछ।

ख) कुनै पशुधनीले पालना गर्दै आएका पशुपन्छी, छाडा छोडेमा पहिलो पटक प्रति पशु रु.५००/- दोश्रो पटक ७५० र क्रमश ५०%का दरले वृद्धि गरि दरले जरिवाना गरिनेछ। त्यस्तो पशु स्वयं पशुधनीलाई फिर्ता गरिनेछ।

ग) गाउँपालिकासँग सिमामा जोडिएका वा अन्य क्षेत्रबाट कसैले पशु छोडेमा सम्बन्धित गाउँपालिकासँग समन्वय गरि सम्बन्धित पशुधनीबाट असुल उपर गरिने छ।

घ) गाउँपालिका क्षेत्रभित्र कसैले छाडा चौपाया छोडेको जानकारी वडा कार्यालय वा गाउँपालिकालाई दिएमा सम्बन्धित सूचकलाई सूचना बमोजिमको उठेको जरिवाना रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईनेछ।

ङ) परम्परागत मूल्य र मान्यता, धार्मिक तथा साँस्कृतिक आधारमा पशु चौपायाहरुको अवहेलना हुने गरि कसैले छाडा छोडेमा त्यस्तो पशुधनीलाई दोश्रो पटक गाउँपालिका वा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधा वञ्चित गरिनेछ।

**परिच्छेद-८**

## विविध

**११) निर्देशिका संसोधन सम्बन्धित व्यवस्थाः** निर्देशिका संशोधन गर्नु पर्ने आवश्यक भएमा छाडा चौपाया व्यवस्थापन समितिले निर्माण गरि गाउँ कार्यपालिका समक्ष पेश गरेमा गाउँकार्यपालिकाबाट आवश्यक संशोधन हुनेछ ।

**१२) विविधः**

क) छाडा पशु व्यवस्थापनका लागि प्रति १५ छाडा पशु वरावर १ जनाको दरले हेरालु राख्ने व्यवस्था मिलाईनेछ ।

ख) यस निर्देशिका बमोजिम छाडा पशु व्यवस्थापनका लागि उपयुक्त सार्वजनिक जग्गा नपाएमा निजि स्वामित्वको जग्गामा सम्झौता गरि व्यवस्थापन गर्न सकिनेछ ।

**प्रमाणिकरण मितिः २०७८।०२।१०**

**आज्ञाले,**

**चिन्तामणि दाहाल**
**नि प्रमुख प्रसासकिय अधिकृत**